# सङ्क्षिप्त परिचय



बगर खेती प्रवर्द्धन

FORWARD

फरवार्ड नेपाल



खडेरी सहन सक्ने सुख्खा धान-३

# फरवार्ड नेपाल : सङ्क्षिप्त परिचय

विकासका लागि ग्रामीण कल्याण तथा कृषि सुधार समूह - नेपाल (फरवार्ड नेपाल) स्वायत्त, सेवामुखी र नाफारहित गैरसरकारी संस्थाको रूपमा रहेको सामाजिक सङ्गठन हो । जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन एवम् विपन्न वर्गका ग्रामीण समुदायको जीविकोपार्जनका उपायहरूमा सुधार गर्ने कार्यमा टेवा पुऱ्याएर राज्यलाई सहयोग गर्ने उद्देश्यले सामुदायिक विकास कार्यमा संलग्न व्यक्तिहरूको पहलबाट यो संस्था २०५४ सालमा स्थापना भएको हो । यो संस्था चितवन जिल्ला प्रशासन कार्यालयमा दर्ता भई समाज कल्याण परिषद्सँग पनि आबद्ध रहेको छ ।

फरवार्ड नेपालले नेपालका स्थानीय, प्रादेशिक तथा सङ्घीय सरकार एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरू र निजी क्षेत्रका साथै सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राज्ञिक क्षेत्रसँगको सहकार्य र साझेदारीमा सामुदायिक सशक्तीकरण, प्राकृतिक स्रोत व्यवस्थापन, खाद्य सुरक्षा, कृषिसम्बन्धी अध्ययन-अनुसन्धान र विभिन्न किसिमका पूर्वाधार लगायत भौतिक, सामाजिक तथा आर्थिक क्षेत्रका विकासमूलक कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछ ।

यस संस्थाले आ.व. २०७३/७४ सम्म हिमाल, पहाड र तराईका ५७ वटा जिल्लाहरूमा ९१ वटा विभिन्न परियोजनाहरू सञ्चालन गरी ४ लाख २० हजारभन्दा बढी घरधुरीलाई प्रत्यक्ष सेवा पुऱ्याइसकेको छ ।

## परिकल्पना

फरवार्ड नेपाल सबै तहका महिला तथा पुरूष साथै आर्थिक रूपबाट विपन्न एवम् जोखिमपूर्ण अवस्थामा रहेका र पछाडि पारिएका समुदायको जीवनस्तरमा व्यापक सुधार भई सिर्जना भएको एउटा समृद्धशाली र गौरवमय समाजको परिकल्पना गर्दछ ।

## ध्येय

फरवार्ड नेपालले उपयुक्त प्रविधिहरूको विकास र अनुसरण, मूल्य-श्रृङ्खलामा आधारित पद्दतिको प्रयोग तथा बहस एवम् पैरवीका साथै सामाजिक रूपान्तरणका माध्यमबाट सङ्कटापन्न अवस्थामा रहेका र पछाडि पारिएका समुदायको जोखिम न्यूनीकरण गर्न, सामाजिक एवम् आर्थिक सशक्तीकरण तथा समावेशी विकास गर्न र उनीहरूको जीवनस्तरमा सुधार ल्याउन प्रयत्न गर्ने ध्येय राखेको छ ।

## उद्देश्यहरू

फरवार्ड नेपालका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- खाद्य तथा पोषण सुरक्षा वृद्धि गरी विपन्न तथा जोखिमपूर्ण अवस्थामा रहेका समुदायको आय-स्रोत बढाउने ।
- जैविक विविधता व्यवस्थापन एवम् संरक्षण, जलवायु परिवर्तन तथा अनुकूलन र प्राकृतिक जोखिम व्यवस्थापनका लागि सङ्कटापन्न समुदायको प्राविधिक तथा व्यवस्थापकीय क्षमता एवम् सहनशिलता अभिवृद्धि गर्ने ।

- सहभागितामूलक अनुसन्धान तथा विकासमूलक पद्धतिहरूबाट उपयुक्त नवीन कृषि-प्रविधिहरूको खोज एवम् प्रमाणीकरण गर्न पहल गर्ने ।
- उत्पादनमुखी प्रणाली, भौतिक पूर्वाधार तथा क्षमताको विकास र सम्बद्ध सरोकारवाला निकायहरूसँगको समन्वय प्रवर्द्धनद्वारा स्थानीय संस्थाहरूको सुदृढीकरणमा मद्दत पुऱ्याउने ।
- बहस-पैरवी तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरी भिन्न सक्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आदिवासी तथा जनजाति, दलित, महिला र बालबालिकाहरूको हक-अधिकार सुनिश्चित गर्न पहल गर्ने ।

## मूल्य-मान्यताहरू

फरवार्ड नेपालका प्रमुख संस्थागत मूल्य-मान्यताका रूपमा सबै तहका व्यक्ति तथा समुदायको सम्मान र सहकारिता, जवाफदेहिता र पारदर्शिता, गुणस्तरीय सेवा र उपयुक्त नवीन प्रविधिहरूको खोज तथा प्रबन्धन एवम् अधिकार र समावेशिता रहेका छन् ।

## कार्यक्रमका विषयगत क्षेत्रहरू

फरवार्ड नेपालका कार्यक्रमहरू निम्नलिखित बहु-विषयगत क्षेत्रहरूमार्फत् सञ्चालन हुने गर्दछन् ।

### खाद्य तथा पोषण सुरक्षा कार्यक्रम

- खाद्यान्न बाली एवम् गुणस्तरीय बीउ-प्रणाली
- उच्च मूल्यजन्य वस्तुहरू
- कृषि-वन तथा गैरकाष्ठ वन पैदावार
- उत्पादनमुखी संरचना निर्माण

### व्यवसाय प्रवर्द्धन तथा बजार व्यवस्थापन एवम् विकास

- लघुउद्यम विकास
- मूल्य-श्रृङ्खला
- बजार व्यवस्थापन एवम् प्रवर्द्धन तथा बजार-सञ्जाल विकास

### सहभागितामूलक अनुसन्धान तथा विकास

- नवीन प्रविधिको सहभागितामूलक खोज, प्रविधि विकास र प्रमाणीकरण
- विकासमूलक अध्ययन तथा प्रविधि विस्तार

### प्राकृतिक स्रोत व्यवस्थापन

- जैविक विविधता तथा पर्यावरण संरक्षण, प्रवर्द्धन र सोको समुचित उपयोग
- नवीकरणीय उर्जा प्रवर्द्धन
- उपयुक्त पोषणको सदुपयोग तथा पुन:र्प्रयोग

### जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन

- समुदायको जनचेतना जागरण तथा क्षमता विकास
- जलवायु परिवर्तन सुहाउँदो एवम् छरितो कृषि-प्रविधिको विकास
- विपद् तथा जोखिमबाट बच्ने उपाय र आपत्कालीन परिस्थितिका लागि पूर्वतयारी तथा सोको प्रतिरक्षात्मक सेवा र पुनर्उद्धार ।

### अन्तरसम्बन्धित विषयगत क्षेत्रहरू

- लैङ्गिक तथा सामाजिक समावेशीकरण
- सहभागितामूलक कार्ययोजना निर्माण तथा मूल्याङ्कन
- अधिकारमुखी विकास पद्धति

## कार्यनीतिहरू

फरवार्ड नेपाल नवीन खोजका साथ गतिशील रूपमा गरिबी न्यूनीकरणका लागि निम्नलिखित कार्यनीतिहरू अवलम्बन गर्दै निरन्तर क्रियाशील रहन प्रतिबद्ध छ ।

कृषि, पशु तथा मत्स्य-पालन र वन-क्षेत्रअन्तर्गत सम्भाव्य व्यावसायिक उपक्षेत्रहरूको पहिचान गरी मूल्य-श्रृङ्खला पद्धति र बजार-सञ्जाल विकास गर्ने ।

लक्षित समुदायलाई अवसरको पहिचान र विकासको स्वामित्व बोध गराउन कार्यमूलक अनुसन्धान, संस्थागत क्षमता अभिवृद्धि र विकासका हरेक क्रियाकलापहरूमा सक्रिय सहभागी गराउने ।


मुगी खेती प्रवर्द्धन

विकासका कार्यक्रमहरू समुदायसमक्ष पुऱ्याउन सहभागितामूलक पद्दति अपनाएर उनीहरूमा भएको परम्परागत ज्ञान र सीपको उचित पहिचान तथा व्यवस्थापन एवम् प्रवर्द्धन गर्ने ।

लैङ्गिक समानताको अवधारणा अनुरूप विकासका हरेक चरणमा महिला तथा पुरुष एवम् पछाडि पारिएका समुदायको समान सहभागिता सुनिश्चित गर्ने ।

सीपमूलक तालिम तथा आयआर्जन कार्यक्रमबाट लक्षित समूहहरूको स्वरोजगारका लागि सहजीकरण गर्ने ।

समुदायमा विकासका गतिविधिहरूको प्रवर्द्धन तथा दिगोपनका लागि समूहको सुदृढीकरण तथा सहकारिता र स्थानीय स्रोत-व्यक्तिहरू एवम् स्थानीय स्रोत-केन्द्रहरूको विकास गर्ने ।

संस्थागत विकास तथा स्थायित्वका लागि सम्बन्धित विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरू (सरकारी निकाय, गैरसरकारी संस्था, प्राज्ञिक क्षेत्र, निजी क्षेत्र, नागरिक समाज, दातृ निकाय तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय र सहकार्य गरी संस्थागत सञ्जाल निर्माण एवम् अनुभव, ज्ञान, सीप र स्रोतहरू आदान-प्रदान गर्ने ।

प्राकृतिक स्रोतको दिगो र विवेकशील प्रयोगबाट उपयोगी कृषि व्यवसायको अभ्यास प्रवर्द्धन गर्ने ।

## आर्थिक स्रोत

स्थानीय, प्रादेशिक एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी, गैरसरकारी संस्थाहरू एवम् निजी तथा प्राज्ञिक क्षेत्रसँग सहकार्य र साझेदारी गरी सञ्चालन हुने परियोजनाहरूबाट संस्थालाई प्राप्त हुने प्रोजेक्ट ओभरहेड, संस्थाका विभिन्न विषयका विशेषज्ञहरूले अन्य निकाय तथा परियोजनामा मागका आधारमा सेवा दिए वापत पाउने रकम एवम् विभिन्न परियोजना तथा कार्यक्रमका लागि उपलब्ध गराइने परामर्श सेवाबाट प्राप्त हुने रकम फरवार्ड नेपालका आर्थिक स्रोतहरू हुन् । संस्थाका सदस्य तथा स्वदेशी एवम् विदेशी दाताहरूबाट हुने आर्थिक सहयोग, सदस्यता शुल्क आदि पनि यस संस्थाको आर्थिक स्रोतका रूपमा रहेका छन् ।

## संस्थागत व्यवस्थापन

फरवार्ड नेपालको साधारण-सभाद्वारा निर्वाचित कार्यकारिणी समितिले संस्थालाई नीतिगत मार्गनिर्देशन र नेतृत्व प्रदान गर्दछ । कार्यकारिणी समितिले नीतिगत निर्णयहरूको कार्यान्वयन र संस्थाको दैनिक प्रशासनिक कार्य सञ्चालन, संस्थागत विकास र समन्वयको नेतृत्वदायी भूमिकाका लागि कार्यकारी निर्देशकलाई अधिकार प्रत्यायोजन गरेको छ । यसरी नै संस्थाले सञ्चालन गर्नुपर्ने कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि कार्यक्रम निर्देशकको नेतृत्वमा बहुविषयक टोली क्रियाशील रहने गरेको छ । संस्थाका दैनिक आर्थिक, प्रशासनिक तथा सूचना र प्रकाशन क्रियाकलापहरू सञ्चालनका लागि आवश्यक सहयोग तथा प्रबन्ध गर्न लेखा एवम् प्रशासनिक र सूचना तथा प्रकाशन शाखाहरू क्रियाशील रहने गरेका छन् ।

*थप जानकारी तथा सम्पर्कका लागि*

**फरवार्ड नेपाल**

क्षेत्रपुर, भरतपुर महानगरपालिका-२, चितवन, नेपाल

पो.ब.नं. ११, भरतपुर

फोन : +९७७ (०) ५६५२७६२३, ५६५२७७३४

इ-मेलः forward@ntc.net.np; ctwforward@wlink.com.np

वेभसाइट : www.forwardnepal.org